लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरणा मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्घाखाँची

## सामुदायिक वन समूहको लेखा तथा आन्तरिक नियन्त्रण प्रणाली अनुगमन प्रतिवेदन

### १. परिचयात्मक विवरण

- **समूहको नामः शंकरपुर सामुदायिक वन**
- **ठेगाना (जिल्ला/पालिका/वडा):** शितगंगा ११
- **जाँचबुझ गरिएको आर्थिक वर्ष/अवधिः** ०८२।०८३
- **प्रतिवेदन तयार मितिः** २०८३।०४।२२
- **जाँचबुझ टोलीको विवरणः**

१.केशर खड्का वन अधिकृत, योजना शाखा, संयोजक

२.अरुण कुमार आचार्य अधिकृत, प्रशासन शाखा, सदश्य

३.टुक प्रसाद पाण्डे अध्यक्ष,नेपाल अडिटर एशोसियसन लुम्बिनी, सदश्य

## २. जाँचबुझको उद्देश्य

- समूहको आम्दानी र खर्चको यथार्थ अवस्था पहिचान गर्नु।
- खातापाता, बिल भर्पाई र भौचरहरू नियमसङ्गत भए/नभएको यकिन गर्नु।
- आन्तरिक नियन्त्रण (Internal Control) को अवस्था मूल्याङ्कन गरी सुधारका लागि सुझाव दिनु।

## ३. जाँचबुझका मुख्य क्षेत्रहरु

### क) आर्थिक तथा लेखा व्यवस्थापन अवस्थाः

- **नगद तथा बैंक मौज्दातः** बैंकको स्टेटमेन्ट र समूहको क्यास बुक (Cash Book) बीचको रकम भिडान (Reconciliation) मिल्छ वा मिल्दैन ?
- **भौचर र बिल भर्पाईः** खर्चका सबै भौचरहरूमा रितपूर्वक सदर भएको र आधिकारिक बिल संलग्न छ वा छैन ?
- **अडिट रिपोर्टः** विगतका वर्षहरूको बाह्य लेखापरीक्षण (Audit) समयमै भएको छ वा छैन ?
- **भूक्तानी बाँकिः** समूहमा काम भइरहेका तथा भूक्तानी नभएका कार्यक्रमहरुको बिबरण र समिति निर्णयहरु छ कि छैन ?

### ख) आन्तरिक नियन्त्रण प्रणालीः

- **निर्णय प्रक्रियाः** खर्च गर्नुपूर्व कार्यसमितिको बैठकबाट विधिवत निर्णय भएको छ/छैन ?
- **वन पैदावारको लगतः** काठ, दाउरा, जडिबुटी आदि सङ्कलन र बिक्रीको स्पष्ट रेकर्ड (Stock Book) अद्यावधिक छ/छैन ?

### ग) संस्थागत सुशासन र कार्ययोजना कार्यान्वयनः

- वन ऐन तथा स्विकृत कार्ययोजनाले तोकेबमोजिम (जस्तै वन विकासमा, स्थानिय बिकास,गरिबि निबारण आदिमा) बजेट विनियोजन र खर्च भएको छ/छैन ?
- उपभोक्ता समितिको बैठक र साधारण सभा एवं अडिट समयमा  भएको छ/छैन ?

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्घाखाँची

## ४. जाँचबुझमा देखिएका सवल पक्ष तथा मुख्य समस्या र कमजोरीहरु

**आव २०८२।०८३ मा समूहको जम्मा आय ब्ययको बिबरण**

| | |
|---|---|
| जम्मा आय | ३८४९८९७३ |
| जम्मा खर्च | ११९४२६८१ |
| बचत | २६५५६२९२ |

- **वन बिकास कार्यक्रम तर्फ**

  समूहको बार्षिक कार्यक्रममा स्विकृत कृयाकलाप २३ वटा रहेको देखिन्छ।समूहले स्विकृत गरेको उक्त २३ वटा कृयाकालपहरु मध्ये समुहले १३ वटा कृयाकलाप कार्यान्वयन गरेको छ। यसमा समूहले ४३.५६ प्रतिशत खर्च गरेको छ।समूहका यस शिर्षक अन्तर्गतका कृयाकलापहरु कम मात्रमा मात्र कार्यान्वयन गर्न समूहले सकेको देखिएको छ।
- **गरिबी निबारण कार्यक्रम तर्फ**
- समूहको बार्षिक कार्यक्रममा स्विकृत कृयाकलाप १४ वटा रहेको देखिन्छ।समूहले स्विकृत गरेको उक्त १४ वटा कृयाकालपहरु मध्ये समुहले ८ कृयाकलाप कार्यान्वयन गरेको देखीएको छ।यस शिर्षकमा समूहले ३० प्रतिशत रकम खर्च भएकव देखिएको छ।

  **समुदायिक बिकास कार्यक्रम तर्फ**

  समूहको बार्षिक कार्यक्रममा स्विकृत कृयाकलाप २० वटा रहेको देखिन्छ।समूहले स्विकृत गरेको उक्त २० वटा कृयाकालपहरु मध्ये समुहले ७ कृयाकलाप कार्यान्वयन गरेको देखीएको छ।यस शिर्षकमा समूहले २१% प्रतिशत रकम खर्च भएको देखिएको छ।

  **प्रशासनिक कार्यक्रम तर्फ**

  समूहको बार्षिक कार्यक्रममा स्विकृत कृयाकलाप ८ वटा रहेको देखिन्छ।समूहले स्विकृत गरेको उक्त ८ वटा कृयाकालपहरु मध्ये समुहले ६ वटा कृयाकलाप कार्यान्वयन गरेको छ। यसमा समूहले बिनियोजित बजेटको १३ % खर्च गरेको छ।

**सवल पक्ष**

- समुहले बिभिन्न बिषमा ३३ बैठक सम्पन्न गरेको छ ।।
- समुहको दर्ता र चलानी रजिष्टर व्यवस्थित रहेको तथा दर्ता छाप समेत प्रयोगमा रहेको र समूहका सबै पत्रमा अध्यक्षको तोकआदेशपछि मात्र दर्ता हुने गरेको पाइयो।

- समूहको आफ्नै सामान्य कार्यालय काठको प्रयोग सहितको बनिरहेको र साथै समूहले बार्षिक कार्यक्रम स्विकृत, अडिट र साधारण सभा सम्पन्न गरेको छ।
- वन पैदावारको लगत  व्यवस्थित राखेको।
- जिन्सि किताब ब्यबस्थित रहेको पाइयो ।
- समुहबाट प्रादन गरिने अनुदान सुचना प्रकाशन गरेर मात्र गर्ने गरेको देखियो।
- पान नं भएको देखियो ।
- करहरु सबै ब्यबस्थितरपमा दाखिला भइ सम्बन्धित फाइलहरुमा राखिएको देखियो।
- सबै भुक्तानिको निर्णय रहेको पाइयो ।
- समूहले निर्माण कार्य बोलपत्र आह्वानबाट प्रतिस्प्रधा गराइ गरेको पाइयो ।
- धेरै कारोबार चेकपेमेन्ट रहेको पाइयो।
- घाटगद्धिमा सिसि क्यामरा जडान गरेको पाइयो।
- बादर हेरालूमा डिबकासँग लगानी साझेदारी गरेको पाइयो ।
- फाइलिङ र खर्च प्रणाली ब्यबस्थित रहेको देखियो ।
- बिल खर्च भूक्तानि दिदा कुन प्रयोजन कहा कस्ले खर्च गरेको हो भन्ने खुलेको।
- समूहले सामाजिक सन्जालको उपयोग गरि आप्ना गतिबिधि नियमित प्रकाशन गर्ने गरेको।

## मुख्य समस्या र कमजोरीहरु

- अडिड कार्य मिति २०८२।०८।२१ भएको र साधारण सभा मिति २०८२।०८।०४ गते सम्पन्न भइ समय भन्दा ढिला भएको देखिएको ।
- समूहको खाता दुइवटा बाणिज्य बैंकमा रहेको पाइयो।
- समूहको बार्षिक प्रगति पुस्तिका नरहेको।
- वन बिकास शिर्षकमा बिनियोजित कार्यक्रमहरु १० वटा कार्यान्वयन हुन नसकेको ।
- बार्षिक कार्यक्रम समयमा र तोकिएजति कार्यान्वयन हुन नसक्दा ठुलो बजेट खर्च हुन नसकेको।
- समूहले एकजना कार्यालय सचिब तथा वन प्राबिधिक राखी कार्य सम्पादन हुनु पर्ने देखिएको ।

- समूहको वनक्षेत्रमा रहेको खोलाको व्यवस्थापन र नदिजन्य पदार्थको सदुपयोग हुन नसकेको। समूहले यस क्षेत्रमा लगानी नगरेको।

## ५. सुधारका लागि सुझाव तथा सिफारिसहरु

Ø **साधारण सभा तथा लेखापरीक्षण कार्य समयमै सम्पन्न गर्ने** व्यवस्था मिलाई समय भित्रै लेखापरीक्षण गराउनुपर्ने देखिन्छ। साधारण सभा लेखापरीक्षण समय भन्दा पछाडि गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने।

Ø समूहको **बैंक खाता व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी** बनाउन समूह्यकव हाल रहेका २ वटा बैंक खाता लाइ एउटा मात्र कायम गर्ने। एउटा खाता बन्द गर्नु पर्ने

Ø समूहको **वार्षिक प्रगति पुस्तिका अनिवार्य रूपमा तयार गरी नियमित अद्यावधिक** गर्नुपर्ने। यसमा वन व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, आय—व्यय, उपलब्धि, लाभग्राही तथा अन्य महत्वपूर्ण विवरण समावेश गर्नुपर्ने।

Ø वार्षिक स्वीकृत कार्यक्रमलाई **प्राथमिकताका आधारमा समयमै कार्यान्वयन गर्ने कार्ययोजना** तयार गर्नुपर्ने। कार्यान्वयन हुन नसकेका वन विकाससम्बन्धी कार्यक्रमहरूको कारण पहिचान गरी आगामी वर्ष प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने।

Ø **वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनका लागि त्रैमासिक/मासिक कार्यतालिका** बनाई नियमित अनुगमन गर्नुपर्ने। कार्यक्रम समयमा कार्यान्वयन हुन नसक्दा बजेट खर्च हुन नसक्ने अवस्था दोहोरिन नदिन कार्यसमितिले जिम्मेवारी तोकी प्रगति समीक्षा गर्नुपर्ने।

Ø समूहको दैनिक प्रशासनिक तथा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन **योग्य कार्यालय सचिव तथा वन प्राविधिकको व्यवस्था** गर्नुपर्ने। उनीहरूको जिम्मेवारी, कार्यविवरण तथा उपस्थितिको स्पष्ट व्यवस्था गरी कार्यसमितिले नियमित अनुगमन गर्नुपर्ने।

Ø समूहको वनक्षेत्रभित्र रहेका **खोला तथा नदीजन्य स्रोतको वातावरणीय दृष्टिले दिगो व्यवस्थापन** गर्न नदीजन्य पदार्थको उपयोग गरि वन संरक्षण, विकास, वातावरण संरक्षण तथा उपभोक्ताको हितमा लगानी गर्ने समुहले खोलको व्यवस्थापन कार्यमा जोडदिने ।

Ø कार्यसमितिको बैठकमार्फत कार्यक्रमको प्रगति, बजेट खर्च तथा बाँकी कार्यको **नियमित समीक्षा गरी निर्णय र अभिलेख व्यवस्थित** राख्नुपर्ने तथा समुहले एकजना वन प्राबिधिक र कार्यालय सचिब राखी व्यवस्थित र योजनाद्ध काम गर्नुपर्ने ।

## ६. निष्कर्ष

समूहको समग्र अवस्था हेर्दा वार्षिक योजना तथा कार्यक्रमको समयमै कार्यान्वयन, वित्तीय व्यवस्थापन, अभिलेख प्रणाली, संस्थागत क्षमता तथा वन व्यवस्थापनमा अपेक्षित सुधार आवश्यक रहेको देखिन्छ। स्वीकृत वन विकासका कार्यक्रमहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा बजेट खर्चमा समेत प्रभाव परेको पाइयो। साथै, वार्षिक प्रगति पुस्तिकाको अभाव, बैंक खाता व्यवस्थापन तथा आवश्यक प्राविधिक र प्रशासनिक जनशक्तिको कमीले समूहको कार्यसम्पादनलाई थप प्रभाव पारेको देखिन्छ।
आगामी दिनमा वार्षिक कार्यक्रमलाई कार्यतालिकासहित समयमै कार्यान्वयन गर्ने, लेखा तथा बैंकिङ प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउने, कार्यालय सचिव तथा वन प्राविधिकको व्यवस्था गर्ने र वनक्षेत्रभित्र रहेका खोला तथा नदीजन्य स्रोतको वातावरणीय तथा कानूनी मापदण्डअनुसार दिगो व्यवस्थापन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ। यसका साथै प्राप्त स्रोत तथा आम्दानीलाई वन संरक्षण, विकास र उपभोक्ताको हितमा प्रभावकारी रूपमा परिचालन गर्न सकेमा समूहको संस्थागत सुशासन, वित्तीय अनुशासन र वन व्यवस्थापनमा उल्लेखनीय सुधार हुने देखिन्छ।

**बोधार्थ/जानकारीः**

- श्री सब-डिभिजन वन कार्यालय शितगंगा
- श्री शंकपुर सामुदायिक वन उपभोक्ता शितगंगा ११